## सूचना ३

श्री ५ को सरकारले जिल्ला कार्यालय डँडेलधुराका प्रमुख जिल्ला अधिकारी श्री प्रेमबहादुर शाक्य घर बिदामा बस्नुभएकोले उहाँ कार्यालयमा फर्की हाजिर नभएसम्मको लागि सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सीमा प्रशासन शाखा डँडेलधुराका शा.अ. श्री हरिकृष्ण भट्टलाई मिति २०४७।४।४ देखि का.मु मुकरर गरेको छ ।

आज्ञाले,
शिवप्रसाद आचार्य
सह-सचिव

## सूचना ४

श्री ५ को सरकारले जिल्ला कार्यालय बझाङका प्रमुख जिल्ला अधिकारी श्री जयनारायण मण्डल घर बिदामा बस्नुभएकोले बिदाबाट फर्की कार्यालयमा हाजिर नभएसम्म नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि. अ. पदमा सोही कार्यालयका प्रशासकीय अधिकृत श्री लोकबहादुर खत्रीलाई मिति २०४७।४।४ देखि का. मु. मुकरर गरेको छ।

## सूचना ५

श्री ५ को सरकारले जिल्ला कार्यालय दार्चुलाका प्रमुख जिल्ला अधिकारी श्री डिल्लीराज जोशी घर बिदामा बस्ने भएकोले उहाँ बिदाबाट फर्की कार्यालयमा हाजिर नभएसम्मको लागि नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी उक्त प्र. जि. अ. पदमा सोही कार्यालयका प्र. अ. श्री ताराप्रसाद भट्टराईलाई मिति २०४७।४।९ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

## सूचना ६

श्री ५ को सरकारले मिति २०४७।४।४ को निर्णयानुसार नेपाल प्रशासन सेवा रा.प.तृ. श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| क्र. सं. | नाम, थर | साबिक पद तथा कार्यालय | सरुवा भएको पद तथा कार्यालय |
|---|---|---|---|
| १. | श्री एकेश्वर रेग्मी | प्र. अ. जिल्ला कार्यालय, खोटाङ | प्र.अ. जिल्ला कार्यालय, कपिलवस्तु |

१०४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।